# सिरानचोक गाउँपालिकाको प्रधानाध्यापक र सहायक प्रधानाध्यापक व्यवस्थापन कार्यविधी, २०७४

## सिरानचोक गाउँपालिका
## गाउँ  कार्यपालिकाको कार्यालय
## छोप्राक, गोरखा

## सिरानचोक गाउँपालिका

## प्रधानाध्यापक र सहायक प्रधानाध्यापक व्यबस्थापन कार्यविधि, २०७६

सिरानचोक गाउँपालिका गाउँ शिक्षा ऐन, २०७५ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी यो सिरानचोक गाउँ कार्यपालिकाले यो सिरानचोक गाउँपालिका प्रधानाध्यापक र सहायक प्रधानाध्यापक व्यबस्थापन कार्यविधि, २०७६ जारी गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

### संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यी कार्यविधीहरूको नाम "प्रधानाध्यापक र सहायक प्रधानाध्यापक व्यबस्थापन कार्यविधि, २०७६" रहेकोछ ।

(२) यो कार्यविधी सिरानचोक गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधी सिरानचोक गाउँपालिका गाउँकार्यपालिकाले निर्णय गरी गाप्रारम्भ हुनेछ ।

२. परिभाषा स् विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा—

(क) "ऐन" भन्नाले सिरानचोक गाउँपालिकाको शिक्षा ऐनलाई ऐनलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सिरानचोक गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले सिरानचोक गाउँपालिका शिक्षा ऐनको दफा २१ वमोजिमको विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(ङ) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(च) "परीक्षा समिति" भन्नाले कार्यविधी ३४ बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(छ) "प्रधानाध्यापक" भन्नाले कार्यविधी बमोजिम नियुक्त तथा सविकमा विद्यालयको प्रधानाध्यापकको रूपमा कार्यरत शिक्षकलाई सम्झनु पर्छ ।

(ज) "सहायक प्रधानाध्यापक" भन्नाले कार्यविधी बमोजिम नियुक्त विद्यालयको सहायक प्रधानाध्यापक तथा सविकमा विद्यालयको सहायक प्रधानाध्यापकको रूपमा कार्यरत शिक्षकलाई सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ञ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले सिरानचोक गाउँ पालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्योपाङ गोरखा गण्डकी प्रदेश नेपाल

राजु गुरुङ
अध्यक्ष

(ट) “प्रारम्भिक बाल शिक्षा केन्द्र” भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ ।

(ठ) “व्यवस्थापन समिति” भन्नाले सिरानचोक गाउँपालिका शिक्षा ऐनको दफा १७ (१) बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ड) “शिक्षा अधिकृत” भन्नाले सिरानचोक गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ढ) “शिक्षा समिति” भन्नाले सिरानचोक गाउँपालिकाको गाउँ शिक्षा सम्बन्धी समितिलाई सम्झनु पर्छ।

(ण) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(त) “शिक्षक” भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारबाट स्वीकृत वा अनुमोदन प्राप्त दरबन्दीमा नियमानुसार नियुक्त गरेको शिक्षक सम्झनु पर्छ ।

(थ) “संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई ऐनलाई सम्झनु पर्छ ।

(द) “संस्थागत विद्यालय” भन्नाले निजी लगानीमा संचालन गर्ने गरी सिरानचोक गाउँपालिकाको शिक्षा ऐनको दफा १७(३) बमोजिम अनुमती पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(ध) “समुदायद्वारा सञ्चालित विद्यालय” भन्नाले स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रधानाध्यापक, सहायक प्रधानाध्यापक करार नियुक्ति तथा काम, कर्तव्य र अधिकार

३. प्रधानाध्यापक नियुक्ति सम्बन्धी व्यवस्था : (१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने तथा थप हुन सक्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, र सोहि तहमा कम्तीमा ३ वर्ष शिक्षण अनुभव भएको स्थायी शिक्षक, संघीय शिक्षा ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा कार्यविधीको दफा बमोजिम को योग्यता पुगेको शिक्षकलाई प्रधानाध्यापक कार्ययोजना मूल्याङ्कन समितिको सिफारिस तथा सिरानचोक गाउँकार्यपालिकाको निर्णय वमोजिम पाँच वर्षको प्रधानाध्यापक तथा सहायक प्रधानाध्यपक पदमा ५ वर्षको लागि विद्यालय व्यबस्थापन समितिको रोहवरमा गाउँ शिक्षा समितिले निश्चित नतिजा सूचक सहितको कार्यसम्पादन करारनामा गरि प्रमुख प्रशाासकिय अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याल्चोक, गोरखा गण्डकी प्रदेश नेपाल

राजु गुरुङ
अध्यक्ष

तर माथि उल्लेखित योग्यता नभएको र अनुभव समेत नभएको अवस्थामा विद्यालय ब्यवस्थापन समितिको सिफारिसमा गाउँकार्यपालिकाले प्रधानाध्याप नियुक्ती गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति गर्नको लागि यो कार्यविधी लागु भएको २ महिना भित्र गाउँपालिका शिक्षा शाखाले प्रत्येक विद्यालयवाट १ जना प्रधानाध्यापक र १ जना सहायक प्रधानाध्यापक करार नियुक्तिको लागि ३) दिने सुचना प्रकाशित गर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले तोकिएको बमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्ताव लिई सोही आधारमा शिक्षा अधिकृतसँग पञ्चवर्षिय नतिजा मुलक कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ । एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन । विद्यालय विकास प्रस्ताव तयार गर्दा निम्न कुरालाई प्राथमिकताका साथ उल्लेख गर्नु पर्नेछ ।

क. विद्यालयको वर्तमान अवस्था (शैक्षिक, आर्थिक, भौतिक)

ख. विद्यालयले हासिल गर्नु पर्ने अपेक्षित उपलब्धी

ग. विद्यालयको वर्तमान अवस्था र अपेक्षित उपलब्धीको सूचकगत अन्तर

घ. अपेक्षित उपलब्धी हासिल गर्ने रणनिती स्रोत सहितको कार्ययोजना र जिम्मेवारी

ङ. विद्यालय विकास प्रस्ताव मूल्याङ्कनका मापन योग्य सूचकहरू र सूचक प्रयोग गर्ने निकाय (विद्यार्थी, अविभावक, विद्यालय व्यबस्थापन समिति र गाउँ शिक्षा समिति )

(५) उपदफा (२) बमोजिम प्रधानाध्यापकको पदमा करार नियुक्तिको लागि निम्न कुरालाई आधार मानि १०० पूर्णाङ्कमा मूल्याङ्कन गरिने छ ।

अ. शैक्षिक योग्यता -१५ (क) न्यूनतम शैक्षिक योग्यता -१० (प्रथम श्रेणी -८, द्वितीय श्रेणी-६, तृतीय श्रेणी-५)

(ख) माथिल्लो शैक्षिक योग्यता -५ (प्रथम श्रेणी -४, द्वितीय श्रेणी-३, तृतीय श्रेणी-६)

आ. शिक्षण अनुभव (१) (क) सम्बन्धित तहमा स्थायी भए प्रत्येक वर्षको २ अंकका दरले

(ख) सम्बन्धित तहमा अस्थायी भए प्रत्येक वर्षको १.५ अंकका दरले

(ग) तल्लो तहमा स्थायी भए प्रत्येक वर्षको १ अंकका दरले

(घ) तल्लो तहमा अस्थायी भए प्रत्येक वर्षको -०.५ अंकका दरले

इ. तालीम - ५ प्रथम श्रेणी -५ द्वितीय श्रेणी-३ तृतीय श्रेणी-२ (तालिम कम्तिमा पनि १५ दिनको हुनु पर्दछ, श्रेणी नखुलेको तालिमलाई एकमुष्ट द्वितीय श्रेणीको अंक प्रदान गरीने छ )

ई. अध्यापन गरेको विषयमा प्राप्त नतिजा - ५ (प्रथम श्रेणी -५, द्वितीय श्रेणी-३, तृतीय श्रेणी-२) वा ग्रेडप्वाईन्टमा भए विषयगत ग्रेडप्वाईन्ट २.८ भन्दा बढि -५, २.०-२.८ भए ३ र २.० भन्दा कम भए २ अंक प्रदान गरिनेछ । नतिजालाई आधार मान्दा स्तरीकृत परीक्षालाई आधार मान्नु पर्नेछ ।

उ. विद्यालय विकास प्रस्ताव-४० (क) विद्यालयको वर्तमान अवस्था (शैक्षिक, आर्थिक, भौतिक)- ५

(ख) विद्यालयले हासिल गर्नु पर्ने अपेक्षित उपलब्धी- ५

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याम्पाक, गोरखा गण्डकी प्रदेश

राजु गुरुङ
अध्यक्ष

(ग) विद्यालयको वर्तमान अवस्था र अपेक्षित उपलब्धीको सूचकगत अन्तर- ५

(घ) अपेक्षित उपलब्धी हासिल गर्ने रणनिती स्रोत सहितको कार्ययोजना र जिम्मेवारी-१५

(ङ) विद्यालय विकास प्रस्ताव मूल्याङ्कनका मापन योग्य सूचकहरू र सूचक प्रयोग गर्ने निकाय (विद्यार्थी,अविभावक,विद्यालय व्यबस्थापन समिति र गाउँ शिक्षा समिति - १०

ऊ. विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण -१० (विषयवस्तुको स्पष्टता -३, आत्मविश्वास-३, प्रस्तुतिकरण शैली- ४) (खण्ड (उ) र (ऊ) को मूल्याङ्कन प्रधानाध्यापक कार्ययोजना मूल्याङ्कन समितिद्वारा हुनेछ ।

ए. नेतृत्व लिने क्षमता -१५ (क) गाउँ शिक्षा समितिको मूल्यांकनबाट- ५ (क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशीलता -१

(ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव-१,

(ग) विद्यार्थी, शिक्षक र व्यवस्थापन समिति वीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता -१

(घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार-२ (व्यवस्थापन समितिले उम्मेदवारको मूल्यांकन गर्दा बैठक बसी लिखित निर्णय गर्नु पर्नेछ । )

ए. (ख) व्यवस्थापन समितिको मूल्यांकनबाट- ५५ (क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशीलता -१

(ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव-१,

(ग) विद्यार्थी, शिक्षक र व्यवस्थापन समिति वीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता -१

(घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार-२

ए.(ग) सम्बन्धित विद्यालयका शिक्षकहरूको मूल्यांकनबाट -५ (सम्बन्धित विद्यालयका शिक्षकहरूले मूल्यांकन गरी अंक प्रदान गर्दा प्रधानाध्यापक बन्ने उम्मेदवारको मूल्याङ्कन शिक्षकहरूद्वारा अतिउत्तम, उत्तम, मध्यम, सामान्य वापत क्रमश : ५, ४, ३ र २ अंक प्रदान गर्नु पर्नेछ । प्रधानाध्यापक कार्ययोजना मूल्याङ्कन समितिद्वारा तोकिएको अवधिभित्र शिक्षकहरूबाट प्राप्त मूल्यांकनको औषत अंक निकाल्नु पर्नेछ । शिक्षकहरूले अलग अलग फाराममा गोप्य मूल्यांकन गरी गाउँ शिक्षा शाखाले तोकेको अवधिभित्र आफ्नो मूल्यांकन गाउँशिक्षा समितिलाई बुझाउनु पर्नेछ । उम्मेदवार हुनेले मूल्याङ्कनमा सहभागी हुन पाउने छैन।

५. प्रधानाध्यापक कार्ययोजना मूल्याङ्कन समितिले प्रधानाध्यापक पदको लागि शिक्षक सिफारिस गर्दा महिला, दलित र अपांग उम्मेदवार र अन्य उम्मेदवारको अंक बराबर भएमा क्रमशस् महिला, दलित र अपा· उम्मेदवारलाई सिफारिस गर्नु पर्नेछ । यस कार्यविधी मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई सिरानचोक गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले जुनसुकै बखत हटाउन सक्नेछस्

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन तथा यस नियमावली विपरीतको कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

राजु गुरुङ
अध्यक्ष

(घ) विद्यालयको चल अचल सम्पत्ति हिना मिना गरेमा,

६. सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपदफा (५) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृतले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरीगराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन गाँउकार्यपालिका समक्ष राय सहित पेश गर्नुपर्नेछ ।

७. उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

८. बहालबाला शिक्षकमध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपदफा (५) को खण्ड (क), (ख) वा (घ) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गरिनेछ ।

९. सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये माथिल्लो श्रेणीका वरिष्ठ स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिनेछ स्

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ग) खण्ड (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्ति मितिको आधारमा,

(घ) खण्ड (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा,

तर खुला, कार्यक्षमता मूल्याँकन, आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशस् कार्यक्षमता, आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ ।

१०. यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस कार्यविधि बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ ।

११. यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधी प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक यस कार्यविधि बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछ ।

१२. **प्रधानाध्यापक कार्ययोजना मूल्याङ्कन समितिको गठनः** (१) विद्यालयको प्राज्ञिक नेतृत्वकव रूपमा छुट्टै पलको रूपमा विकास गर्दै लगिने प्राज्ञिक व्यबस्थापनमा प्रधानाध्यापकलाई जिम्मेवार बनाउदै लैजानको लागि कार्यविधीको दफा ४(२) बमोजिम प्रधानाध्यापक नियुक्तिको लागि सम्बन्धित तहमा कम्तिमा ५

राजु गुरुङ
अध्यक्ष

वर्ष शिक्षण अनुभव भएका शिक्षकहरू मध्येवाट शैक्षिक योग्यता, तालिम, नेतृत्व क्षमता, विद्यालय विकास प्रस्तावको आधारमा प्रधानाध्यापक तथा सहायक प्रधानाध्यपक छनौट गर्न देहाय बमोजिमको एक प्रधानाध्यापक कार्ययोजना मूल्याङ्कन समिति हुनेछ ।

(क) गाउँपालिका शिक्षा समिति प्रमुख - संयोजक

(ख) गाउँपालिका उपप्रमुख - सदस्य

(ग) गाउँकार्यपालिका सामाजिक विकास समितिका संयोजक - सदस्य

(घ) विद्यालय व्यबस्थापन समितिका अध्यक्षहरू मध्येवाट गाउँ कार्यपालिकावाट मनोनित १- सदस्य

(ङ) गाउँकार्यपालिकाका सदस्यहरूमध्ये कार्यपालिकाद्धारा कम्तिमा १ महिला सहित मनोनित -२ सदस्य

(च) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(छ) गाउँपालिका प्रमुखद्धारा मनोनित विषय विज्ञ -१ सदस्य

(ज) गाउँपालिका शिक्षा शाखा प्रमुख- सदस्य-सचिव

(२) प्रधानाध्यापक कार्ययोजना मूल्याङ्कन समितिको काम प्रधानाध्यापक तथा सहायक प्रधानाध्यापकका उम्मेदवारहरूको यस कार्यविधीको दफा (४) उपदफा (५) खण्ड उ र उ बमोजिमको विद्यालय विकास प्रस्तावको मूल्याङ्कन तथा अन्य आधारहरूको प्रमाणका आधारमा मूल्याङ्कन गरी एकमुष्ट अंक सहित उत्कृष्ट अंक ल्याउने उम्मेदवारहरुलाई प्रधानाध्याक तथा सहायक प्रधानाध्यपकको रूपमा नियुक्तिको लागि सिरानचोक गाउँकार्यपालिकामा सिफारिस गर्नु हुनेछ ।

(३) प्रधानाध्यापक कार्ययोजना मूल्याङ्कन समितिको कार्यकाल नियुक्ति मितिले ३ वर्षको हुनेछ ।

(४) प्रधानाध्यापक कार्ययोजना मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक बस्नु भन्दा ३ दिन अगावै सदस्य सचिवले संयोजकको अनुमति लिई सदस्यहरूलाई सूचना दिनु पर्नेछ।

(५) समितिको बैठक निर्णय सदस्य संख्याको सामान्य बहुमतद्धारा हुनेछ ।

## परिच्छेद-३
## प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार

१३. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार : प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

राजु गुरुङ
अध्यक्ष

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख स्थानीय शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन सिरानचोक गाउँ कार्यपालिका शिक्षा शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा सिरानचोक गाउँ कार्यपालिका शिक्षा शाखामा सिफारिस गर्ने,

(ण) स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(थ) गाउँपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस नियमावलीमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ती गरी करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

(ध) विद्यालयको प्रभावकारी संचालनको लागी वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध—वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई सिरानचोक गाउँ कार्यपालिका शिक्षा शाखामा पठाउने,

सिरानचोक गाउँ कार्यपालिका घोप्राक, गोरखा गण्डकी प्रदेश

राजु गुरुङ
अध्यक्ष

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मयार्ृदित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्ने,

(य) विद्यालयमा कार्यविधी बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्यांक तोकिएको कार्यालयद्वारा निर्धारित ढाँचा र समय भित्र आधिकारिक व्यक्तिद्वारा प्रमाणित गराई सिरानचोक गाउँ कार्यपालिका शिक्षा शाखामा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी शिक्षा शाखा मार्फत शिक्षक किताबखानामा पठाउने,

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामन तथा सेवा खरिद गर्ने ।

(त्र) प्रधानाध्यापक स्थानिय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ :

१) अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने,

२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिती र प्रधानाध्यापकले शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षा प्रत्याभूत गर्नुपर्ने,

३) शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापकप्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय शिक्षाका लागि गाउँकार्यपालिका, शिक्षा समिति र शिक्षा अधिकृतले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरुसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ,

सिरानचोक गाउँ कार्यपालिका छोप्राक गण्डकी प्र...

राजु गुरुङ
अध्यक्ष

२०. यस कार्यविधीद्धारा नियुक्त प्रधानाध्यापकहरुको कार्य सम्पादन मूल्याङ्कन गाउँपालिका स्तरमा एकै रूजुसूचिद्धारा गरिने छ । कार्ययोजनामा उल्लेखित समय सिमा भित्र तोकिएका मापनयोग्य सुचकहरुमा ९० प्रतिशत भन्दा उपलब्धी हासिल गर्ने प्रधानाध्यापक सहायक प्रधानाध्यापक तथा शिक्षकहरूलाई विशेष प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

२१. यस कार्यविधीद्धारा नियुक्तिहुने प्रधानाध्यापक तथा सहायक प्रधानाध्यपकलाई कार्यसम्पादन करार भएको मिति देखि कार्ययोजना लागु गर्न देहाय बमोजिमको मासिक प्रोत्साहान भत्ताको व्यवस्था गरीने छ ।

| क्र.सं. | तह | प्रधानाध्यापक | सहायक प्रधानाध्यापक |
|---|---|---|---|
| १. | आधारभूत १ – ३ | २००/- | १००/- |
| २. | आधारभूत १ – ५ | ३००/- | १५०/- |
| ३. | आधारभूत १ – ८ | ५००/- | २५०/- |
| ४. | माध्यमिक १ – १० | १०००/- | ५००/- |
| ५. | माध्यमिक १ – १२ | १५००/- | ७००/- |

राजु गुरुङ
अध्यक्ष